# चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

प.सं. ०८२।०८३
च.नं. १२५५

मिति-२०८३।०१।२१

## संस्थागत विद्यालय छात्रवृत्ति सम्बन्धी सूचना ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा १६ (ञ) तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम १५१ र चन्द्रागिरि नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०७९ को परिच्छेद-४ दफा ७ को उपदफा (३) बमोजिम संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको तोकिएको प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, विपन्न/गरीब, महिला, अपाङ्गता भएका व्यक्ति (अपाङ्गता भएका व्यक्तिका छोरा/छोरी), दलित, आदिबासी, जनजाती, मधेशी, अल्पसंख्यकलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था भए बमोजिम नगरपालिकाको छात्रवृत्ति बैंकबाट वितरण हुने छात्रवृत्ति कोटामा गतवर्ष नगरपालिकाबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरु र नयाँ समावेश हुन ईच्छुक विद्यार्थीहरुले यसै सूचनासाथ संलग्न फाराम भरी तोकिएको आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८३ जेठ ४ गतेसम्म) शिक्षा, युवा तथा खेलकुद शाखा चन्द्रागिरिबाट आवेदन फाराम सिफारिश गराई अध्ययनरत विद्यालयमा पेश गर्नु हुन नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति चन्द्रागिरिको मिति २०८३।०१।१७ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । नि:शुल्क छात्रवृत्तिमा छनौट हुने विद्यार्थीको विवरण नगरपालिकाको वेवसाइटबाट समेत सार्वजनिक गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । छात्रवृत्ति आवेदन फाराम यस नगरपालिकाको वेवसाइट (www.chandragirimun.gov.np) बाट डाउनलोड गरी प्रिन्ट गर्न, साथै सम्बन्धित विद्यालय,वडा कार्यालय र नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाबाट समेत नि:शुल्क उपलब्ध हुनेछ ।

**नोटः-यस नगरपालिकामा स्थायी बसोबास गरेका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।**

बोधार्थ :
श्री वडा कार्यालयहरु, चन्द्रागिरि नगरपालिका- फाराम वितरणमा सहजीकरण गरिदिनु हुन ।
श्री सबै संस्थागत विद्यालयहरु, चन्द्रागिरि नगरपालिका : फाराम वितरणमा सहजीकरण गरिदिनु हुन ।

जगदिश चन्द्र नेपाल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रागिरि नगरपालिका कार्यपालिकाको कार्यालय
वलम्बु, काठमाडौं ।

| विद्यार्थीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

**संस्थागत विद्यालय छात्रवृत्ति आवेदन फाराम-२०८३**

श्रीमान् प्रधानाध्यापकज्यू
............................................................................ (विद्यालयको नाम)
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

यस चन्द्रागिरि नगरपालिकाभित्र रहेको ...................................................... विद्यालयमा कक्षा .......... मा निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि आवश्यक कागजातसहित यो निवेदन पेश गर्दछु ।

१.विद्यार्थीको नाम थर (देवनागरीमा) ........................................................................
विद्यार्थीको नाम थर (English Block Letter मा) ........................................................
२.भर्ना भएर अध्ययन गरिरहेको विद्यालयको नाम र ठेगाना ..................................................
३.विद्यार्थीको स्थायी ठेगाना क) प्रदेश ........... ख) जिल्ला .............. ग) स्थानी तह ..............घ) वडा
४.अस्थायी ठेगाना क) प्रदेश ........... ख) जिल्ला .............. ग) स्थानी तह ..............घ) वडा ......
५.वावुको नाम थर : ............................ पेशा ............................... मोवाइल नं. ....................
६.आमाको नाम थर :............................ पेशा ............................... मोवाइल नं. ....................
७.वाजेको नाम थर :............................ पेशा ............................... मोवाइल नं. ....................
८.स्थानीय अभिभावकको नाम थर :......................पेशा ......................मोवाइलनं. ....................
९.विद्यार्थीले अघिल्लो कक्षामा प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत वा जिपिए ..............
१०.यस अगाडि अध्ययन गरेको विद्यालय : ............................ ११) सामुदायिक/संस्थागत ....................
११.आफुले कुन समूहवाट आवेदन दिन चाहेको हो ? कुनै १ कोटामा मात्र ✓ चिन्ह लगाउनुहोस् ।

क) जेहेन्दार ☐ ख) आर्थिक विपन्नता ☐ ग) महिला ☐ घ) अपाङ्गता ☐
ङ) दलित ☐ च) जनजाती ☐ छ) अपाङ्गता भएका व्यक्तिका सन्तति ☐ ज) शहिद परिवार ☐

माथि उल्लेखित विवरण ठीक साँचो हो, फरक परेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

अभिभावक/आवेदकको नाम थर : ............................ अभिभावक/आवेदकको दस्तखत ....................

वडाको सिफारिशः (समूह खुलाउने) .................... नगरपालिकाको सिफारिश (शिक्षा, युवा तथा खेलकुद शाखाबाट)

वडा अध्यक्षको दस्तखत : .................... दस्तखत : ................

| वडा कार्यालय छाप |
|---|

| कार्यालयको छाप |
|---|

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु :**

१.अघिल्लो कक्षाको ग्रेडसिटको प्रतिलिपि
२.आफुले आवेदन दिन चाहेको समूह प्रमाणित गर्ने प्रमाण पत्रको प्रतिलिपि
३.वाबु/आमाको नागरिकताको प्रतिलिपि
४.विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि